नेपाल धितोपत्र वोर्डवाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)

पत्र संख्या :
चलानी नं. :
Ref. No

## प्रेस विज्ञप्ति

निम्न प्रेस विज्ञप्ति तपाईको लोकप्रिय संचार माध्यमवाट प्रकाशन एवं प्रासारण गरिदिन हुन अनुरोध छ ।

शंकरमान सिंह
(महाप्रबन्धक)

### आ.व. २०६७/६८ मा धितोपत्र बजारका गतिविधि सम्बन्धी प्रेश विज्ञप्ति

आर्थिक वर्ष २०६७/६८ मा विभिन्न आर्थिक तथा गैर आर्थिक कारणले धितोपत्र बजार कारोबारमा अपेक्षित सुधार हुन सकेन । बजारका अधिकांश परिसूचकमा गत वर्षको तुलनामा गिरावट आएको छ । दोश्रो जनआन्दोलनपछिको राजनीतिक परिवर्तनलगत्तैका दुई वर्ष पुँजी बजार गतिविधिमा उच्च वृद्धि भए पनि त्यसले निरन्तरता पाउन सकेन ।

आर्थिक वर्ष २०६७/६८ मा रु. ६.६३ अर्ब को कारोबार भएको छ । यो अघिल्लो वर्षको तुलनामा ४३.५७ प्रतिशत कम हो । आर्थिक वर्ष २०६५/६६ मा रु. २१.६८ अर्ब बराबरको कारोबार भएकोमा आर्थिक वर्ष २०६६/६७ मा रु. ११.७५ अर्बको कारोबार भएको थियो । यस वर्ष दैनिक औसत कारोबार रु. २.८५ करोड कायम भएको छ । गत वर्ष दैनिक औसत कारोबार रु. ४.२४ करोड थियो ।

यसैगरी बजार पुंजीकरण गत आर्थिक वर्षको अन्तमा रु. ३ खर्ब ७६ अर्ब रहेकोमा यस वर्ष रु. ३ खर्ब २३ अर्ब कायम भएको छ । आर्थिक वर्षको अन्तमा कायम बजार पूँजीकरण कूल गार्हस्थ्य उत्पादनको २३.९९ प्रतिशत हुन आउँछ ।

दोस्रो बजार कारोबारका लागि नेप्सेमा प्रवेश गर्ने कम्पनीको संख्या भने उत्साहप्रद रहेको छ । यस वर्ष थप ३३ (१ वाणिज्य बैंक, २१ विकास बैंक, ९ वित्त कम्पनी, २ बिमा) कम्पनी नेप्सेमा सूचिकृत भएका छन । यसअनुसार नेप्सेमा सूचीकृत कम्पनीको संख्या २ सय ९ पुगेको छ । गत वर्ष सूचीकृत कम्पनीको संख्या १७६ थियो । यस अवधिमा रु. २३ अर्ब १० करोड रुपैयाँ बराबरका साधारण (प्रथम निस्कासन, नयाँ निस्कासन, हकप्रद र बोनस) शेयर, रु. ७ अर्ब ९९ करोड बराबरको सरकारी ऋणपत्र सूचीकृत भएको छ ।

पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।
P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.
Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538
E-mail : stock@enet.com.np
साविक नाम : नेपाल धितोपत्र विनिमय वजार लि.

नेपाल धितोपत्र वोर्डवाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)

**पत्र संख्या :**
चलानी नं. :
Ref. No

त्यस्तै आव २०६६/६७ मा ४७७.७३ अंकमा रहेको नेप्से परिसूचक २०६७/६८ मा ३६२.५२ मा झरेको छ । यो अघिल्लो वर्षको तुलनामा २४.११ प्रतिशत कम हो । बजारमा सेयरको आपूर्ती उल्लेख्य रुपमा बढेको, मुलुकको समग्र वित्तीय, आर्थिक तथा राजनीतिक सक्रमणकाल लम्बिदै गएकाले शेयरको मूल्य र बजार परिसूचकमा गिरावट आएको हो ।

धितोपत्रको नामसारी प्रक्रियालाई छरितो बनाउन तथा जालसाजी रोक्न केन्द्रीय निक्षेप प्रणाली (Central Depository System, CDS) स्थापना गर्ने कार्यक्रम रहेकोमा नेप्सेको पूर्ण स्वमित्वमा CDS and Clearing Ltd कम्पनी दर्ता गरी आवश्यक कार्य अघि बढेको छ । यसका लागि Vendor Company का रुपमा CMC India संग सम्झौता भई Software हस्तान्तरण समेत भई सकेको छ । CDS का सरोकारवालाहरु (Stake Holder) लाई तालिम समेत प्रदान गरी केहि दिन भित्रै CDS को औपचारिक आरम्भ हुनेछ ।

लामो समय देखि रोकिएको नयाँ सदस्य दलाल (Broker) थप्ने कार्यका लागि निवेदन प्राप्त भएकाहरुलाई दुई चरणमा छनोट गरी ३४ कम्पनीको नामावली नेपाल धितोपत्र बोर्डमा सिफारिस गरिए अनुसार नेपाल धितोपत्र बोर्डबाट कारोबार इजाजत प्राप्त गरेका १४ कम्पनीलाई कारोबारका लागि सदस्यता प्रदान गरिएको छ भने धितोपत्र बोर्डबाट इजाजजत पत्र अन्य कम्पनीहरुलाई पनि क्रमशः सदस्यता प्रदान गर्ने कार्यक्रम रहेको छ ।

विनियमावलीहरुलाई समय सापेक्ष परिवर्तन गर्नका लागि पुराना विनियमावलीहरु खारेज गरी नयाँ विनियमावलीहरु तयार गरिएको छ । यस क्रममा धितोपत्र कारोबार र राफासाफ, आर्थिक विनियमावली र सूचिकरण सम्बन्धी तीन विनियमावलीहरु तयार भई स्वीकृतिको अन्तिम अवस्थामा रहेका छन् । साथै आर्थिक विनियमावली स्वीकृत भएको, सूचीकरण विनियमावली धितोपत्र बोर्डको स्वीकृतिका लागि पठाईएको र कर्मचारी विनियमावली तथा कारोबार विनियमावली स्वीकृतिका लागि पठाउने चरणमा रहेको छ ।

अर्थमन्त्रालय निजीकरण समितिमा निजीकरण एवं सरोकारवाला लगानीकर्ताहरुको पूँजी विनिवेश (offload/divest) गर्ने बारेमा अवधारणापत्र प्रस्तुत भई छलफलको क्रममा रहेको र नेपाल राष्ट्र बैंकले आफ्नो अंशको पूँजी विनिवेश गर्ने बारेमा सैद्धान्तिक सहमति जनाएको छ ।

Broker's Back Office Systems लागि सफ्टवेयर बनाउन नेप्से, सदस्य दलाल र बेलायती कम्पनी Comdaq बीच त्रिपक्षीय सम्झौता भई software development को कार्य अगाडि बढीरहेको छ ।

काठमाडौं बाहिरका लगानीकर्तालाई लगानीको पहुँच पुऱ्याउने सम्बन्धमा विराटनगर, वीरगन्ज, नारायणगढ, बुटवल, पोखराबाट कारोबार सुरु भई सकेको र थप विस्तारका लागि अध्ययन का क्रममा रहेको छ ।

शेयर बजार कारोबारमा सूचनाले खेल्ने महत्वपूर्ण भूमिकाप्रति नेप्से सचेत छ । सूचना प्रवाहलाई अझ व्यापक बनाउने विषयमा नेप्सेको प्रयास निरन्तर जारी छ । वार्षिक लक्ष्यअनुसार विभिन्न दैनिक, साप्ताहिक, मासिक, त्रैमासिक र वार्षिक कारोबार विवरण प्रकाशन हुदै आएको छ । आम लगानीकर्ताको हित संरक्षणका लागि ब्रोसर प्रकाशित गरिनुका साथै नेप्सेको परिचयात्मक पुस्तिका अद्यावधिक गरी प्रकाशन एवं वितरण गरिएको छ ।

**पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।**
**P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**E-mail : stock@enet.com.np**
साविक नाम : नेपाल धितोपत्र विनिमय वजार लि.

नेपाल धितोपत्र वोर्डवाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)

**पत्र संख्या :**
चलानी नं. :
Ref. No

लगानीकर्ताहरुको लागि वित्तीय साक्षरता कार्यक्रम (Financial Literacy Program) तथा लगानीकर्ता सचेतना कार्यक्रम (Investors Awareness Program) संचालन गरिएका छन् । पूँजी बजारको समग्र विकासका लागि सदस्य दलालसँग नियमित र आवश्यकताअनुसार छलफल भइरहेको छ । जोखिम व्यवस्थापन तथा संचालक समिति (Risk Management and the Board of Directors) सम्बन्धमा सूचीकृत कम्पनीहरु र अन्य पक्षसँग अन्तर्क्रिया कार्यक्रम विश्व बैंक समूह अन्तर्गतको IFC समेतको सहभागितामा सम्पन्न गरिएको छ ।

**भविष्यको योजना**

- सूचिकृत कम्पनीहरुको शेयर छिटो छरितो रुपमा नामसारी गरी सम्भावित जालसाजी, धोकाधडी बाट लगानीकर्ताहरुलाई जोगाई हित संरक्षण गर्न केन्द्रीय निक्षेप प्रणाली (Central Depository System - CDS) संग सम्बन्धित छुट्टै कम्पनी स्थापना भई सकेको अवस्थामा यससंग सम्बन्धित नियमावलीहरु तर्जुमा गरी छिट्टै कार्य शुभारम्भ गर्ने ।
- हाल विद्यमान कारोबार प्रणालीमा देखिएको कमीकमजोरी हटाई इन्टरनेटमा आधारित कारोबारदेखि राफसाफसम्म पूर्ण स्वचालित गर्न द्विपक्षीइ एवं बहुपक्षीय सहयोगबाट (Gap Analysis) गर्ने कार्यक्रम रहेको छ ।
- Online Internet Based Trading System सुरु गर्ने
- नेपाल धितोपत्र बोर्डसँग समन्वय गरी गैर आवासीय नेपाली (NRN) हरुलाई पूँजी बजारमा लगानीको अवसर प्रदान गर्न आवश्यक व्यवस्था गर्ने ।
- नेपाल धितोपत्र बोर्डसँग समन्वय गरी धितोपत्र दोश्रो बजारमा वैदेशिक संस्थागत लगानीकर्तहरुलाई (Foreign Institution Investor - FII) लगानी गर्ने अवसर प्रदान गर्ने सम्बन्धमा आवश्यक अध्ययन गर्ने ।
- बजारबाट हुने लाभ लगानीकर्ताहरुले समेत प्राप्त गर्न सक्ने गर्न धितोपत्र बजारको दायराभित्र मुलूकको गैर वित्तीय संस्थाहरुलाई ल्याउन पहल गर्ने , प्रोत्साहनको उपायहरु अवलम्बन गर्ने ।

क्षमता अभिवृद्धि गर्ने सिलसिलामा राष्ट्रिय तथा अन्तराष्ट्रिय तालिम तथा सेमिनार, अवलोकन भ्रमणमा पनि नेप्सेले कर्मचारीलाई यस आवमा सहभागी गराएको थियो । समयको मागअनुरुप बजारलाई आधुनिकीकरण गर्दै लैजाने, बजार कारोबारलाई थप चुस्त बनाउने र लगानीकर्ता तथा सूचीकृत कम्पनीलाई सहज सेवा प्रदान गर्ने सम्बन्धमा चुनौतीहरु विद्यमान छन् । यस सन्दर्भमा खारेज भएका र सूचिकरण हुन नसकेका कम्पनीहरुको शेयरको खरीद/बिक्री गराउने उद्देश्यले स्थापित ओ.टि.सी. बजारको महत्व बुझाई कारोबार गराउने,स्टक एक्सचेन्जको संरचनात्मक परिवर्तन गरी समायनुकुल बनाउने , रियल सेक्टर कम्पनीलाई यस बजारमा ल्याई वित्तीय क्षेत्रको प्रभुत्व कम गर्ने लगायतका बजार विकासका क्षेत्रमा गर्नुपर्ने कार्यप्रति नेप्से दृढ प्रतिबद्ध रहेको छ ।

मिति :२०६८/०४/०१

पो. ब. नं. १५५०, सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।
P. O. Box 1550, Singhdarbar Plaza, Kathmandu, Nepal.
Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538
E-mail : stock@enet.com.np
साविक नाम : नेपाल धितोपत्र विनिमय वजार लि.